ज्योति विकास बैंक लि.
**JYOTI BIKASH BANK LTD.**
*More than a Bank*
"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त वित्तीय संस्था"

कम्पनी दर्ता नं. : १०६५/०६४/०६५
इजाजतपत्र नं. : ने.रा.बैंक/इ.प्रा./"ख"/६१/०६४/०६५
पान नं. : ३०२९६११३५

465834

च.नं. : **68-JBBL-OCS-082/83**

मितिः २०८२/११/०५

**श्री नेपाल राष्ट्र बैंक**
**बैंक तथा वित्तीय संस्था नियमन विभाग**
**बालुवाटार, काठमाडौं ।**

**श्री नेपाल राष्ट्र बैंक**
**वित्तीय संस्था सुपरिवेक्षण विभाग**
**बालुवाटार, काठमाडौं ।**

**श्री नेपाल धितोपत्र बोर्ड**
**खुमलटार, ललितपुर ।**

**श्री कम्पनी रजिष्ट्रारको कार्यालय**
**त्रिपुरेश्वर, काठमाडौं ।**

**श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड**
**सिंहदरबार प्लाजा, काठमाडौं ।**

**श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड**
**पुतलीसडक, काठमाडौं ।**

**श्री एनआईएमबि एस क्यापिटल लिमिटेड**
**लाजिम्पाट, काठमाडौं**

**बिषय : वार्षिक साधारण सभा तथा शेयरधनी दर्ता किताब बन्द हुने (Book Close) सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस ज्योति विकास बैंक लिमिटेडको मिति २०८२/११/०५ गते मंगलबार, अपरान्ह ५:०० बजे देखी बसेको सञ्चालक समितिको ५४३ औं बैठकको निर्णय अनुसार मिति २०८२/११/२८ गते हुने १८ औं वार्षिक साधारण सभा सम्बन्धमा देहाय बमोजिमको निर्णय भएको व्यहोरा अनुरोध गर्दछु । साथै सो प्रयोजनको लागि बैंकको शेयर दाखिल खारेजको काम मिति २०८२/११/१४ गते एक दिन बन्द रहने व्यहोरा समेत जानकारीका लागि अनुरोध गर्दछु ।

**सभा हुने मिति, समय र स्थान**

**मिति : २०८२ साल फाल्गुन २८ गते विहिबार (तदनुसार १२ मार्च, २०२६)**
**समयः विहान ११:०० बजे ।**
**स्थान : लिसारा रिसेप्सन, नक्साल, काठमाडौं ।**

**छलफलका विषयहरु**

**(क) सामान्य प्रस्ताव :**

(१) आर्थिक वर्ष २०८१/८२ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको ज्योति विकास बैंक लि. को २०८२ आषाढ मसान्तसम्मको वित्तीय अवस्थाको विवरण तथा आर्थिक वर्ष २०८१/८२ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तीय विवरणहरु उपर छलफल गरी स्वीकृत गर्ने ।

(३) यस विकास बैंकको सहायक कम्पनी ज्योति क्यापिटल लि.को आ.व. २०८१/८२ को वित्तीय विवरण सहितको बैंकको एकीकृत वित्तीय विवरण (Consolidated Financial Statement) छलफल गरी पारीत गर्ने ।

(४) लेखापरीक्षण समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०८२/८३ को लेखापरीक्षण गर्न लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

**(ख) विशेष प्रस्ताव :**

**(ग) विविध :**

**साधारण सभा सम्बन्धी अन्य जानकारी**

(१) यस विकास बैंकको १८ औं वार्षिक साधारण सभा प्रयोजनको लागि बैंकको शेयर दाखिल खारेजको काम मिति २०८२/११/१४ गते एक दिन बन्द रहने छ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८२/११/१४ मा शेयर दाखिल खारेजको काम बन्द (Book Close) हुनुभन्दा अघिल्लो दिन सम्म कारोबार भई प्रचलित कानून बमोजिम यस विकास बैंकको शेयर रजिष्ट्रार श्री एनआइएमबि एस क्यापिटल लिमिटेड, लाजिम्पाट काठमाडौंमा प्राप्त शेयर नामसारीको लिखतको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले मात्र सो सभामा भाग लिन र मतदान गर्न पाउने छन् । नेपाल स्टक एक्सचेन्जमा कारोबार भई धितोपत्र व्यवसायी (सदस्य दलाल) को Pool Account मा रहेको शेयरका आधारमा शेयरधनी कायम नहुने भएकाले उल्लिखित मिति भित्र शेयरधनीको खातामा समावेश गर्न समेत सम्बन्धित धितोपत्र व्यवसायीलाई अनुरोध गरिन्छ ।

(२) वार्षिक प्रतिवेदन पुस्तिकाको विद्युतीय प्रति शेयरधनी महानुभावहरुलाई शेयरधनी दर्ता किताबमा कायम रहेको ईमेल ठेगानामा पठाउने र बैंकको वेभसाइट www.jbbl.com.np मा समेत राख्ने व्यवस्था गरिएको छ । साथै बैंकको प्रत्येक शाखा कार्यालय तथा केन्द्रीय कार्यालयबाट उक्त वार्षिक प्रतिवेदनको भौतिक प्रति प्राप्त गर्न सकिनेछ ।

(३) साधारण सभा हुने दिन सभामा उपस्थितिका लागि हाजिर पुस्तिका बिहान १०:०० बजे देखि खुल्ला रहने छ । सभामा भाग लिन आउँदा शेयरधनी महानुभावहरुले वार्षिक प्रतिवेदन पुस्तिकामा समावेश भएको प्रवेश-पत्र साथमा लिई आउनु पर्नेछ । कुनै शेयरधनी महानुभावले कारणवस पुस्तिका नपाउनु भएमा आफ्नो फोटो भएको कुनै परिचय पत्र वा हितग्राही खाता (D-MAT) खोलिएको वा कुनै एक सक्कल शेयर प्रमाण-पत्र साथमा लिई आउनु पर्नेछ । परिचय दिने कागजात नदेखाई सभाकक्षमा प्रवेश गर्न पाइने छैन ।

(४) साधारण सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले बैंकको अर्को शेयरधनीलाई प्रतिनिधि नियुक्त गर्न सक्नेछन् । प्रचलित कम्पनी कानूनले तोकेको ढाँचामा प्रतिनिधि-पत्र (प्रोक्सी फाराम) भरी बैंकको केन्द्रीय कार्यालय, कमलपोखरी, काठमाडौंमा सभा सुरु हुनु भन्दा कम्तीमा ७२ घण्टा अगावै दर्ता गराई सक्नु पर्नेछ ।

(५) एक जना शेयरधनीले एउटै मितिमा एक भन्दा बढीलाई प्रतिनिधि (प्रोक्सी) मुकरर गरेमा प्रतिनिधि (प्रोक्सी) स्वत: वदर हुनेछ । तर, प्रतिनिधि (प्रोक्सी) दिने शेयरधनीले आफुले अघि दिएको प्रतिनिधि (प्रोक्सी) बदर गरेको व्यहोरा स्पष्ट उल्लेख गरी छुट्टै निवेदन दिई अर्को शेयरधनीलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेमा त्यसरी नियुक्त प्रतिनिधि (प्रोक्सी) ले सभामा भाग लिन र मतदान गर्न पाउने छ । यस्तो अवस्थामा अघिल्लो मितिको प्रतिनिधि (प्रोक्सी) स्वत: वदर भएको मानिनेछ ।

(६) शेयर खरिद गरेको संगठित संस्था वा कम्पनीले विकास बैंकको कुनै अर्को शेयरधनीलाई प्रतिनिधि (प्रोक्सी) मुकरर गर्न सक्नेछ । त्यसरी प्रतिनिधि (प्रोक्सी) मुकरर नगरिएको अवस्थामा मनोनित गरेको प्रतिनिधिले निज बैंकको शेयरधनी नभएता पनि शेयरवालाको हैसियतले सभामा भाग लिन र मतदान गर्न सक्नेछ ।

JYOTI BIKASH BANK LTD. KAMALPOKHARI KATHMANDU

(७) संयुक्त रुपमा शेयर खरिद गरिएको अवस्थामा शेयर लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतबाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिले मात्र सभामा भाग लिन र मतदान गर्न पाउनेछन् ।

(८) नाबालक वा विक्षिप्त शेयरधनीको तर्फबाट बैंकको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा मतदान गर्न वा प्रतिनिधि तोक्न सक्नेछन् । तर संरक्षक आफै शेयरधनी नभएमा संरक्षकले अरु शेयरधनीको प्रतिनिधि (प्रोक्सी) भई सभामा भाग लिन सक्ने छैनन् ।

(९) शेयरधनी महानुभावहरु सभा स्थलमा आउँदा झोला, व्याग जस्ता बस्तुहरु नलिई आउनु हुन अनुरोध गरिन्छ । आवश्यक देखेमा सुरक्षाकर्मीले सुरक्षा जाँच गर्न सक्ने हुँदा सो कार्यमा सहयोग गरिदिनु हुन समेत अनुरोध गरिन्छ ।

(१०) साधारण सभा सम्बन्धमा थप जानकारीको लागि बैंकको केन्द्रीय कार्यालय कमलपोखरी १, काठमाडौंमा सम्पर्क राख्नु हुन वा बैंकको वेबसाईट www.jbbl.com.np हेर्नुहुन समेत अनुरोध गरिन्छ ।

भवदीय,

JYOTI BIKASH BANK LTD. KAMALPOKHARI, KATHMANDU

...............
बलदेव थापा
कम्पनी सचिव